# कोरोना उद्धार उडानमा बढी भाडा नलिएको दाबी

**हिमालय टाइम्स**
**काठमाडौं, २७ वैशाख**

वायु सेवा सञ्चालक संघले हेलिकोप्टर कम्पनीहरूले कोरोना उद्धार उडानका नाममा बढी भाडा नलिएको दाबी गरेको छ । बरु संघका सदस्य वायु सेवा सञ्चालकले आफ्नो सामाजिक उत्तरदायित्व सम्झी यस्तो विषम परिस्थितिमा आफ्नो जिउ ज्यानसमेतको प्रवाह नगरी आम नागरिकको जीवनरक्षामा वायु सेवा कम्पनीका पाइलट, इन्जिनियर, ग्राउण्ड स्टाफलगायत अन्य कर्मचारी दिनरात खटिरहेको संघको भनाइ छ । केही मिडियाहरूमा कोरोना उद्धार उडानका नाममा हेलिकोप्टर कम्पनीहरूले बढी भाडा असुलेको समाचार आएपछि संघले यस्तो दाबी गरेको हो ।

यस्तो विषम परिस्थितिमा आफ्नो दायित्वमा संघका वायुसेवा कम्पनीहरू अडिग रहँदै कोरोना विरामको उद्धारमा खटिएका उडानको संघले अवलोकन एवं निगरानी गरिरहेको र अर्कोतर्फ निरीक्षण एवं नियन्त्रित गर्ने निकाय नेपाल नेपाल नागरिक उड्डयान प्राधिकरणसमेतले सूक्ष्म निगरानी गरिरहेको र प्राधिकरणको नीति नियममा रहेर उडान गरिरहेको पनि संघले दाबी गरेको छ । संघले ३ वर्षअघि प्राधिकरण, संस्कृति, पर्यटन तथा नागरिक उडडयान मन्त्रालयमा पेश गरेको एएस ३५० हेलिकोप्टरको युएस डलर १ हजार ५ सय प्रतिघण्टा एवं रोविन्सन्स हेलिकोप्टरको युएस डलर १ हजार प्रतिघण्टा दरभाउमा हाल पनि उडान गर्दै आएकोमा हाल उक्त दरभन्दा पनि कममा उडान गर्दै आएको संघको



भनाइ छ ।

कोरोना उद्धार उडानका हकमा प्राधिकरणको प्रोटोकल एवं स्वास्थ्य मन्त्रालयबाट जारी मापदण्डअनुसार उडान गर्नुपर्ने भएकोले सम्पूर्ण उडानमा खटिने पाइलटलगायत कर्मचारीका लागि पिपीइ सेट, प्यारामेडिकल टोली, सेमी भेन्टिलेटर उपकरण, थप बिमा, प्रत्येक उडानपछि हेलिकप्टरको सेनिटाइजेसन र डिसइन्फेक्सनलगायत अन्य सामग्रीसमेत प्रयोग हुने र मेडिकल टोलीको प्रयोग गर्नैपर्ने भएकोले अन्य उडानभन्दा उडान समयसमेत बढी लाग्ने भएकोले कोरोना उद्धार उडानमा प्रति उडान थप १ लाख ५० हजार रुपैयाँभन्दा बढी खर्च हुने संघको जिकिर छ ।

वायुसेवाले प्राधिकरणको नियन्त्रण एवं निगरानी र संघको समेत निगरानीमा रही उडान गरिरहेको र चर्को भाडा लिएको भनी अनर्गल प्रचारवाजी भएको संघको गुनासो छ । साथै संघले उक्त गलत प्रचारबाजीमा नलागी विरामका आफन्तले बिचौलियालाई सम्पर्क नगरी सम्बन्धित कम्पनीमा सम्पर्क गरी उद्धार उडान गर्नसमेत आग्रह गरेको छ । कोरोना बिरामी उद्धार उडान सम्बन्धमा कुनै गुनासो भएमा उडान कम्पनीका आधिकारिक कम्पनी र तथा संघका आधिकारिक व्यक्तिसँग सिधै सम्पर्क गर्न पनि संघले सर्वसाधारणको ध्यानाकर्षण गराएको छ । गुनासो तथा अन्य जानकारीका लागि संघका प्रवक्ता योगराज कँडेल शर्मा(९८५१०२९३३३) मा सम्पर्क गर्न सकिने संघद्वारा सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । त्यस्तै उद्धार उडानका लागि अल्टिच्युड एयर प्रालि, हेली एभरेष्ट प्रालि, कैलाश हेलिकप्टर प्रालि, मनाङ एयर प्रालि, श्री एयरलाइन्स प्रालि र सिम्रिक एयर प्रालिमा सिधै सम्पर्क गर्न सकिने पनि संघले स्पष्ट पारेको छ ।

# किसानमैत्री सुझाव दिन आयोगको ध्यानाकर्षण



**हिमालय टाइम्स**
**काठमाडौं, २७ वैशाख**

हालै नियुक्त राष्ट्रिय किसान आयोगका नवनियुक्त पदाधिकारीले शपथग्रहण गरेका छन् । आयोगका नवनियुक्त अध्यक्ष डा. प्रेमप्रसाद दंगालसहित सदस्यले सोमबार कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच शपथग्रहण गर्नुभएको हो । कृषि तथा पशुपन्छी विकासमन्त्री पद्माकुमारी अर्यालले नवनियुक्त अध्यक्ष डा.प्रेमप्रसाद दंगाललाई शपथग्रहण गराउनुभएको थियो भने अध्यक्ष दंगालले नवनियुक्त विज्ञ सदस्य पुष्पा भुसाल, सहकारी सदस्य टेकबहादुर बोगटी र किसान सदस्य सूर्यप्रसाद खनाल, मञ्जु धिमाल, जीवन्ती पौडेललाई शपथग्रहण गराउनुभएको थियो । आयोगका रिक्त अध्यक्षसहित सदस्यको वैशाख १९ गतेको मन्त्रिपरिषद् बैठकले नियुक्तिको निर्णय गरेको थियो ।

कृषिमन्त्री अर्यालले किसानका समस्यामा केन्द्रित रहेर विस्तृत अध्ययन गरी समस्या समाधानमा योगदान गर्न आयोगका पदाधिकारीलाई निर्देशन दिनुभयो । झण्डै दुई तिहाइ जनसंख्या कृषिमा आधारित रहेको अवस्थामा समग्र कृषि क्षेत्रका समस्या पहिचान, प्राथमिकीकरण र समाधानका लागि स्पष्ट मार्गदर्शन पहिल्याउन आयोगसमक्ष रहने उहाँको भनाइ थियो । मन्त्री अर्यालले कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग सहकार्य गर्दै कृषि क्षेत्रका विद्यमान नीति, ऐन, नियमलगायतका कानुनी व्यवस्थामा रहेका नीतिगत भिन्नतालाई समयसापेक्ष सुधारका सम्बन्धमा राय, नयाँ नीति, ऐन वा नियमावली निर्माणमा सहयोग, किसान कल्याणकारी योजना तर्जुमा, किसान पहुँचको सुनिश्चितता, बजार सरलीकरण, कृषि पेशालाई आकर्षित एवं सम्मानित बनाउन पहलकदमी, किसान संघसंगठनको दर्ता तथा नियमनलगायतका कार्यमा सरकारलाई सल्लाह, सुझावसहितका कार्य निरन्तररूपमा अगाडि बढाउन आग्रह गर्नुभयो । कोरोनाले कृषि क्षेत्रमा पारेका असरको अध्ययन गर्दै किसानलाई आवश्यक उत्पादन सामग्रीको उपलब्धता तथा उत्पादित कृषि उपजलाई बजारको सुनिश्चितताका लागि आवश्यक सुझाव दिन पनि उहाँले.आयोग पदाधिकारीको ध्यानाकर्षण गराउनुभयो ।

## फिट र फेसबुकबीच सहकार्य

**काठमाडौं/हिटा ।** फिट इन्टरनेसनल नेपालमा पहिलो फेसबुक विज्ञापनको आधिकारिक रिसेलर बनेको छ । नेपालमा पहिलोपटक भएको यस्तो साझेदारी डिजिटल मार्केटिङ एजेन्सीको उपलब्धिका रूपमा हेरिएको छ । साझेदारीले फेसबुक विज्ञापन खरिद गर्न चाहने डिजिटल मार्केटर र अन्य एजेन्सीका लागि सहज हुने बताइएको छ । अब नेपाली व्यावसायले स्थानीय ज्ञान, सहयोग र विशेषज्ञताका माध्यमबाट फेसबुकबाट अझ धेरै लाभ लिन सक्ने बताइएको छ ।

फेसबुक विज्ञापन कुनै पनि व्यवसायका लागि महत्वपूर्ण बनेको छ । हालसम्म यस्ता विज्ञापनको भुक्तानी अनौपचारिकरूपमा गरिने हुनाले देशको अर्थतन्त्रले फाइदा लिन सकेको छैन । फेसबुकको अनौपचारिक तथ्यांकअनुसार नेपाली व्यावसायीले फेसबुक विज्ञापनमा हरेक वर्ष करिब २ अर्ब खर्च गरिरहेका छन्, जसमध्ये धेरैजसो कारोबार अनौपचारिकरूपमा हुने गरेको छ । फिट र फेसबुकको साझेदारीले फेसबुकमा चल्ने विज्ञापन अब इनभ्वाइस बिलिङमार्फत ट्याक गर्न सकिन्छ । अब नेपाल सरकारले फेसबुक विज्ञापनका लागि गरिएको प्रत्येक लेनदेनको तथ्यांक र हिसाब किताब राख्न सक्ने कम्पनीले जनाएको छ । फिट इन्टरनेसनल नेपाली विज्ञापन क्षेत्रमा नाम बनाउँदै गरेको संस्था हो, जसले दक्षिण एसियामा डिजिटल मार्केटिङमा सकारात्मक परिवर्तन ल्याउने दाबी गरेको छ ।

## रियलमीका १२८ करोड मोबाइल बिक्री

**काठमाडौं/हिटा ।** रियलमी स्मार्टफोन युरोपियन मुलुकमा लोकप्रिय बन्न थालेको छ । काउण्टर प्वाइन्टको रिपोर्टअनुसार सन् २०२१ को पहिलो त्रैमासिकमा रियलमीले विश्वभर १ करोड २८ लाख मोबाइल फोन बिक्री गरेको कम्पनीको दाबी छ । विश्वका १३ मुलुकमा बिक्री हुने मोबाइल फोनमध्ये शीर्ष ५ स्थानमा स्थापित गर्दै पहिलोपटक ३ युरोपेली मुलुकमा टप ४ बिक्रेताका रूपमा रियलमी देखिएको क्यानालिस ग्लोबल स्मार्टफोन रिपोर्टले जनाएको बताइएको छ । सन् २०१९ देखि युरोपेली बजारमा आफ्ना उत्पादन पठाउन थालेको रियलमीले हरेक वर्ष तीव्र बजार विस्तार गर्ने कम्पनीकारूपमा स्थापित गर्दै आएको कम्पनीको दाबी छ । पहिलो त्रैमासिकमा रियलमीले अघिल्लो वर्षको तुलनामा १८३ प्रतिशतले बजार विस्तार गरेको काउन्टर प्वाइन्ट रिसर्चले जनाएको छ । क्यानिलिसको रिपोर्टमा चेक गणराज्य र ग्रीसमा सबैभन्दा बढी स्मार्टफोन निर्यात गर्ने कम्पनीको चौथो नम्बरमा रियलमीलाई राखेको बताइएको छ । कम्पनीका अनुसार बजार विस्तारको गति हेर्दा स्लोभेनियामा पनि रियलमी चौथो नम्बरमा रहेको छ ।

# अक्सिजन सिलिण्डर अस्पताललाई दिन अपिल

**हिमालय टाइम्स**
**काठमाडौं, २७ वैशाख**

कोरोना भाइरसको दोस्रो लहरबाट देशभर संक्रमित भएका बिरामीको उपचारको क्रममा हाल देखिएको अक्सिजनको चरम अभावले धेरैको ज्यानसमेत गइरहेको भन्दै नेपाल निर्माण व्यवसायी महासंघले विभिन्न क्षेत्रमा प्रयोग भइरहेका अक्सिजन सिलिण्डर नजिकको अस्पतलालाई उपलव्ध गराउन अपिल गरेको छ ।

अक्सिजनको चरम अभावको स्थितिमा पुल, हाईड्रो, ट्रष्ट, स्टीललगायतका निर्माण कार्य गर्दा वेल्डिङमा प्रयोग हुने आफूसँग मौज्दात अक्सिजन सिलिण्डर संक्रमितको उपचारका लागि उपलब्ध गराउन महासंघका महासचिव रोशन दाहालले अपिल गर्नुभएको छ । त्यस्ता सिलिण्डरको लगत राखि स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारमार्फत नजिकका अस्पताललाई तत्काल उपलब्ध गराई सहयोग गर्न महासंघले मातहतका सम्पूर्ण सदस्य, प्रदेश महासंघ, जिल्ला संघ, एसोसिएट सदस्य तथा वस्तुगत संघलाई अपिल गरेको हो । देशभर हाल सञ्चालित साढे ६ हजार परियोजनामध्ये करिब २ हजारमा अक्सिजन सिलिण्डरको प्रयोग भइरहेको महासंघले जनाएको छ । ती सिलिण्डर कोरोना संक्रमितको उपचारमा प्रयोग गर्न सकिए मानवीय क्षति केही कम गर्न सकिने महासंघद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । गतवर्ष कोरोनाको पहिलो लहरबाट मुलुक आक्रान्त हुँदा महासंघले संघीय सरकार तथा प्रदेश सरकारलाई आर्थिक सहयोग गरेको थियो ।


## सुन्दरहरैचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बिराटचौक, मोरङ**
**१ नं. प्रदेश नेपाल**

### शिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशन मिति - २०७८/०१/२८

**यस नगर कार्यपालिकाको** कार्यालयका लागी आबस्यक तपशिल अनुसारका खरिद कार्य बोलपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इच्छुक योग्य इजाजत प्राप्त फर्म/कम्पनी वा सप्लायर्स बाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्बक शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्रखरिद प्रकृया **EGP** को माध्यमबाट मात्र गरिएको **Website: www.bolpatra.gov.np/egp** बाट **Bid – Document** हरु बोपत्रको हकमा **३० औं दिन** कार्यलय समय भित्रमा म्यधलयिबम गर्न सकिनेछ । **E–submission** का लागी बोलपत्रखरिद दस्तुर बापत राजश्व खातामा जम्मा गरेको र सम्बन्धित ठेक्कानं. र निर्माण/खरिद कार्यको नाम खुलेको राजश्व दाखिला भौचर **Electronic Bid files** साथै पेश गर्नु पर्नेछ ।

२. **e –bidding** मार्फत **Document** खरिद गर्नका लागी रकम जम्मा गर्ने बैकको बिबरण निम्न अनुसार रहेको छ । फ्याक्स ट्रान्सफर आदी मार्फत गरिने खरिद उपर कारबाही गरिने छैन ।

**बैक :- कृषि बिकास बैक, बिराटचौक** **राजश्व खाता नं.- ०६०१५०११४७६३०१४६**

३. बोलपत्र/दरभाउपत्रदाताको फर्म दर्ताको प्रमाणपत्र, चालु आ.ब २०७७/०७८ का लागी नविकरण गरिएको ब्यबशाय इजाजतको **(लाईसन्स)** प्रमाणपत्र, स्थायी लेखा नम्बर/मुल्य अभिवृद्धि कर दर्ताको प्रमाण पत्र र आ.ब २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

४. बोलपत्र फारम **३१ औं दिन १२.०० बजे** भित्रमा **E–submission** गर्न सकिनेछ । **E–submitted** बोलपत्रहरु सोही दिन दिनको **१:०० बजे** यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधीहरु र कार्यलयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्रकागजात खरिद गरिने अन्तिम दिन वा बोलपत्र पेश गर्ने/बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को लगतै कार्यालय खुलेको दिन बोलपत्रखरिद गर्न वा बुझाउन सकिनेछ ।

६. बोलपत्रसाथ **कृषि बिकास बैक बिराटचौक** स्थित सुन्दरहरैचा नगरपालिकाको **धरौटी खाता नं. ०६०१५०११४७६३००३०** मा फर्म/कम्पनीको नामबाट तपशिलमा उल्लेखित बोलपत्रजमानत वापतको रकम जम्मा गरेको भौचर वा बोलपत्रपेश गर्ने अन्तिम मिति देखी कम्तिमा **१२० (एक सय बिस) दिन** म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त "क" बर्गका बाणिज्य बैंकहरुबाट यस कार्यालयका नाममा जारी गरीएको जमानी पत्र **(बिड बण्ड)** पेश गर्नु पर्नेछ । सो जमानी पत्र **(बिड बण्ड)** र भौचरमा सम्बन्धित ठेक्का नं. र निर्माण/खरिद कार्यको नाम उल्लेख भएको हुनु पर्नेछ । सम्झौता सम्पन्न भएपछी मात्र बोलपत्रजमानत बापतको रकम फिर्ता गरिनेछ ।

७. एउटा फर्म/कम्पनीको नामबाट खरिद गरिएको बोलपत्रकागजात अर्को फर्मको नामबाट दाखिला गर्न सकिने छैन ।

८. अन्य बिस्तृत बिबरण **Bid document** को **Bid data sheet** मा उल्लेख गरिएको छ । सो सम्बन्धमा आवस्यक पर्ने प्रमाणहरु पेश गर्ने जिम्मेवारी बोलपत्रदाताको हुनेछ ।

९. सूचना तथा बोलपत्रकागजातको शर्त बिपरित भएको वा थपघट गरिएको रित नपुगेको, म्याद नाघि पेश हुन आएको बोलपत्रउपर कुनै कारबाही गरिने छैन ।

१०. बोलपत्रको परिक्षण बोलपत्रकागजात अनुसार हुनेछ ।

११. बोलपत्रदाताहरुले आफ्नो बोलपत्रदाखिला/पेश गर्नु अगाबै बोलपत्रमा उल्लेखित बिबरण अनुसार परियोजनाको स्थलगत निरिक्षण गरि पेश गर्नु पर्नेछ ।

१२ **E–submission** सम्बन्धि जानकारी सार्बजनिक खरिद अनुगमन कार्यालयको **Website** बाट हेर्न सकिनेछ ।

१३. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य बिषयको हकमा स्थानिय सरकार संञ्चालन ऐन २०७४, सार्बजिक खरिद ऐन २०६३ तथा सार्बजनिक खरिद नियमावलि २०६४ र प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।

१४. बोलपत्रशर्तरहित मुल्यपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएका फारममा कुनै थपघट वा द्रस्टब्य नलेखिएको हुनुपर्नेछ ।

१५. बोलपत्रको अन्य कागजातमा (भाषागत समेत) त्रुटी भएमा वा बिषय वा प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनैबेला सच्याउन बाधा पर्नेछैन । कार्यालयको हितलाई ध्यानमा राखी सबै बोलपत्र/दरभाउपत्र, पुरै वा आंशिक रुपमा स्वीकार/स्वीकृत गर्ने वा अस्वीकृत/अस्वीकार गर्ने वा सूचना नै रद्द गर्ने लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६. बोलपत्रसम्बन्धि थप जानकारीको लागी यस कार्यालयमा सम्पर्क गर्न वा कार्यालयको **Website: sundarharaichamun.gov.np** मा समेत हेर्न सकिनेछ ।

| सि.न | ठेक्का नं | कामको विवरण | धरौटी रकम रु. | दस्तुर रु. मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | SHM/MOR/ NCB/G/46/2077- 078 | ट्रमा सेन्टरको लागी यन्त्र उपकरण र सामाग्री खरिद तथा सप्लाई | १४००००|- | रु. ३००० | बोलपत्र |

**प्रमुख प्रशासकिय अधिकृत**





कोरोना संक्रमण तीव्र गतिले बढ्दै छ । आफ्नो दिनचर्यालाई अब केही समयको लागि परिवर्तन गरौं ! अनावश्यक सम्पर्क बन्द गरौं, भौतिक दूरी अनिवार्य रुपमा कायम गरौं, मास्क नलगाई बाहिर ननिस्कौं, बारम्बार साबुन-पानीले हात धुने वा स्यानिटाइजर लगाउने बानी बसालौं !

**आफू बचौं र अरुलाई पनि सुरक्षित रहन सघाऔं !**

मिडिया अलाइन्स नेपालद्वारा जनहितका लागि जारी ।

MEDIA ALLIANCE NEPAL


इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा. लि. द्वारा प्रकाशित, **मुद्रण** : आशुतोष प्रिन्टर्स, बालकुमारी, ललितपुर, **कार्यालय** : मध्यवानेश्वर, काठमाडौं, **फोन** : ४४७८१७७, **फ्याक्स** : ४४८०५५४, पो.ब.नं. ११६७२, Email: desk@himalayatimes.com.np, **कार्यकारी निर्देशक** : उज्ज्वल शर्मा, **सम्पादक** : पुरुषोत्तम दाहाल